**<u>मिति २०७४/४/१८ गते बसेको कपिलवस्तू नगर कार्यपालिकाको बैठकको निर्णय:</u>**

<u>निर्णय नं. १ :</u>

देहायका कानुनहरु सर्वसम्मतिवाट पास गरी कपिलवस्तू नगरपालिकामा लागू गर्ने निर्णय गरियो ।

१) कपिलवस्तू नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४

२) कपिलवस्तू नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४

३) कपिलवस्तू नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यबिधि नियमावली, २०७४

४) कपिलवस्तू नगर कार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधि, २०७४

५) कपिलवस्तू नगरपालिकाका पदाधिकारीहरुको आचारसहिता, २०७४

<u>निर्णय नं. २ :</u>

प्रथम नगरसभा व्यवस्थापन र संचालनका लागि आवश्यक कार्य प्रक्रिया, समय तालिका र वडा मार्ग दर्शन निर्माण गर्न नगर उपप्रमूख श्री लक्ष्मी गूप्ता सावको संयोजकत्वमा निम्न पदाधिकारी सम्मिलित कार्यदल गठन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) नगर उपप्रमूख | – संयोजक |
| ख) कार्यकारी अधिकृत | – सदस्य |
| ग) योजना शाखा प्रमूख | – सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमूख | – सदस्य |
| ङ) सामाजिक विकास/प्रशासन शाखा प्रमूख | – सदस्य |

<u>निर्णय नं. ३ :</u>

वडा नं. १, २, ३, ४ र १० को वडा केन्द्र तोक्ने सम्वन्धमा सम्वन्धित वडा समितिवाट सिफारिस भई आएपछि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>आधारहरु :</u>

क) वडाको पायक पर्ने स्थान हूनू पर्ने ।

ख) नगरपालिकाको स्वामित्व वा सार्वजनिक जग्गा प्रयाप्त मात्रामा भएको ।

<u>निर्णय नं. ४ :</u>

करार सेवामा कार्यरत कर्मचारीहरु (अमीन, न.ह., फायरम्यान, न.प्र., बि.हे., कुचिकार, सा.प., हे.अ., अ.न.मी., क.अ. र का.स.) को साविककै सेवा सूविधा उपलब्ध गराउने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

नेपाल सरकारवाट समायोजन भई तल उल्लेखित पदका कर्मचारी पदस्थापन भए पछि स्वत: पदमूक्त हूने गरी हाल सेवा परामर्श शीर्षकवाट खर्च ब्यहोरिने गरी इन्जिनियर श्री सूनिल कूमार चौधरी ( अधिकृत स्तर छैठौ तह) र हलूका सवारी चालक श्री गूडडू रंगरेजलाई करार सेवामा लिई कामकाजमा लगाउने निर्णय गरियो । साथै नगर प्रमूख सचिवालय र वडा कार्यालय सञ्चालन गर्न ६ जना कार्यालय सहयोगी राख्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

राजस्व परामर्श समितिको सदस्यमा श्री कौशिल्या गूप्ता र श्री रुद्र बहादूर गैरेलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ७ :

श्रोत अनूमान तथा बजेट सीमा निर्धारण समितिको सदस्यमा श्री सबिता घिमिरे, श्री उर्मिला कोरी र श्री राम भजन कलवारलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ८ :

आगामी बैठक २०७४ श्रावण २७ गते दिउसो १ : ०० बजे राख्ने निर्णय गरियो ।